नेपाल सरकार

राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति

अन्तर्गत

# कृषि वन प्रणाली कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६

राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

# विषय सूची


१ पृष्ठभूमी ....................................१

२. कार्यक्रमको लक्ष्य ....................................१

३. कार्यक्रमका मूलभूत उद्देश्यहरु ....................................१

४ कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्रः ....................................१

५ कार्यक्रम संचालन विधि....................................१

६ कार्यक्रम संचालन गर्ने जिम्मेवार निकाय .................................... २

७ अनुगमनः .................................... २

८ समन्वयः.................................... २

९ सञ्चालन गरिने प्रमुख क्रियाकलापहरुः.................................... २

९.१ एकीकृत योजना तर्जुमा .................................... २

९.२ कृषि वन प्रवर्धन .................................... २

९.३ कृषि वन विकास....................................३

९.४ जल तथा भूमीको एकिकृत व्यवस्थापन....................................३

९.५ भू-उत्पादकत्व संरक्षण/खेत बारी संरक्षण ....................................३

९.६ प्रचार प्रसार....................................४

९.७ जनसहभागिता परिचालन तथा प्रवर्धन....................................४

९.८ कृषि वन विकास स्थलगत प्राविधिक सहयोग....................................४

९.९ नर्सरी स्थापना/विरुवा खरिद....................................४

९.१० संरक्षण कार्यको व्यवस्थापन र रेखदेख....................................४

९.११ क्रियाकलाप अनुगमन तथा मुल्यांकन....................................५

९.१२ प्रतिवेदन र अभिलेखीकरण....................................५


सदस्य-सचिव

# कृषि वन प्रणाली कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६

## १ पृष्ठभूमी

नेपाल सरकार राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिबाट चुरे संरक्षण कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन इकाइ मार्फत संचालन गरिने कृषि वन प्रणाली कार्यक्रम कार्यान्वयनको लागि यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## २. कार्यक्रमको लक्ष्य

कृषि वन प्रणाली कार्यक्रम मार्फत वातावरणीय सन्तुलन कायम गरी कृषि उत्पादनमा बृद्धि तथा योगदान पुराउनु ।

## ३. कार्यक्रमका मूलभूत उद्देश्यहरु

यस कार्यक्रमका मुलभूत उद्देश्यहरु निम्नानुसार छन् ।

- निजी एवं सार्वजनिक जग्गामा वन तथा कृषि प्रजाति (फलफूल आदि समेत) का विरूवा रोपण तथा व्यवस्थापन गर्न अभिप्रेरित गरी किसानहरुलाई आवश्यक वन पैदावार तथा कृषि उपजमा आत्म निर्भर बनाउनु ।
- जल तथा जमीनको एकिकृत व्यवस्थापन गर्दै भूमि उत्पादकत्व अभिवृद्दि गर्नु ।
- स्थानीय समुदायको आयआर्जनमा बृद्धि गर्ने ।
- फल दिने जातका वनको विकास गर्ने ।
- बहूउद्देश्यीय रूखको व्यवस्थापनबाट जीविकोपार्जनमा सुधार ल्याउने ।
- बहूउद्देश्यीय रूख प्रजाति संगसंगै कृषि वालीमा आत्म निर्भर गराउने ।

## ४ कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्रः

यो कार्यक्रम राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिको कार्यक्षेत्र भित्र पर्ने ३७ जिल्लाहरूमा कार्यक्रम कार्यान्वयन इकाइले छनौट गरेका नदी प्रणाली अन्तर्गतका स्थानीय तहको क्षेत्रमा संचालन गरिने छ ।

## ५ कार्यक्रम संचालन विधि

- सचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि वन प्रणालीमा किसानहरुको क्षमता अभिवृद्धि गर्ने ।
- जनसहभागिता जुटाई सम्बन्धित क्षेत्र अन्तर्गर्तका स्थानीय स्तरमा सक्रिय रहेका किसान उपभोक्ता समूह / समिति मार्फत कार्यक्रम सञ्चालन गर्ने ।
- नीजि क्षेत्रलाई पनि कार्यक्रम संचालनमा प्रोत्साहित गर्ने ।
- कृषि वन व्यवस्थापनका लागि कृषकलाइ आवश्यक पर्ने रूख तथा बहूउद्देश्यीय प्रजातिका विरूवाहरू उपलव्ध गराउने
- अन्य सरोकारवाला निकायहरुसंग आपसी समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्ने ।



सदस्य-सचिव

## ६ कार्यक्रम संचालन गर्ने जिम्मेवार निकाय

राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समिति अन्तर्गतका ५ वटै कार्यक्रम कार्यान्वयन इकाइहरू ।

## ७ अनुगमनः

सञ्चालित क्रियाकलापहरुको कार्यान्वयन गर्ने कार्यक्रम कार्यान्वयन इकाइका अलावा निम्न निकायहरुवाट एकल वा संयुक्त अनुगमन गरिनेछ ।

- राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समिति
- वन तथा वातावरण मन्त्रालय
- प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय
- राष्ट्रीय योजना आयोग
- राष्ट्रीय सतर्कता केन्द्र
- उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
- जिल्ला समन्वय समिति
- सम्वन्धित स्थानीय तह

संयुक्त अनुगमन गर्दा संवन्धित निकायको अतिरिक्त अन्य परियोजनासंग संवन्धित कार्यालय, राजनैतिक दलहरुका प्रतिनिधि र सरोकारवाला अन्य संघसस्थाहरुलाई पनि समावेश गरिनेछ ।

## ८ समन्वयः

कृषि वन प्रणाली कार्यक्रम समन्वयात्मक रुपले कार्यान्वयन गरिने छ । कार्यक्रम कार्यान्वयन क्षेत्रमा निम्नानुसारका कार्यालयहरूसङ्ग आवश्यक समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

- स्थानीय तह
- डिभिजन वन कार्यालय
- कृषि ज्ञान केन्द्र
- भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
- जलाधार व्यवस्थापन कार्यालय
- घरेलु तथा साना उद्योग विकास समितको कार्यालय

## ९ सञ्चालन गरिने प्रमुख क्रियाकलापहरुः

### ९.१ एकीकृत योजना तर्जुमा

कार्यक्रम सञ्चालन र निर्माणका लागि पहिचान भएका क्षेत्रहरुमा कृषि वन विकास कार्यक्रमको दूरदृष्टि, लक्ष्य हासिल गर्नका लागि एकीकृत योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

### ९.२ कृषि वन प्रवर्धन

यस कार्यक्रम अन्तर्गत तोकिएका नदी प्रणाली अन्तर्गतका क्षेत्रहरूको स्थलगत भ्रमण गरी ती क्षेत्रहरुमा कृषि वन प्रवर्धनको सम्भाव्यता अध्ययन गर्ने, स्थानीय किसान, उपभोक्ताहरुसङ्ग अन्तर्क्रिया गर्ने, कार्यक्रममा सहभागी हुन चाहने घरधुरी संख्या पहिचान गर्ने, तिनीहरुको चाहना तथा रोपण गर्ने प्रजाति र संख्या पहिचान गर्ने ।



सदस्य-सचिव

आवश्यकता अनुसार घरधुरी सहभागी गराई तालिम गोष्ठिहरु संचालन गरी तिनीहरुलाई कृषि वन सम्बन्धि सबलीकरण गर्ने, कृषि वन सम्बन्धि जानकारीमूलक सूचनाहरु सहितका प्रचार प्रसारका सामाग्रीहरु उत्पादन गरी वितरण गर्ने, कृषि वन लागु भई सफलता प्राप्त गरेका स्थानहरुमा अध्ययन भ्रमणको आयोजना गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदनमा तपसिल बुँदाहरु समावेश गर्नु पर्ने ।

तपसिल

- उत्पादन गरिएको प्रचारप्रसार सामाग्रीको नमूना ।
- तालिम, गोष्ठि तथा अध्ययन भ्रमणहरुको सहभागीहरुको संख्या, लिंग र अवधि ।
- स्थान र मिति देखिने व्यानर तथा फोटोहरु ।

### ९.३ कृषि वन विकास

यस अन्तर्गत स्थलगत अध्ययन, अवलोकन गरी सम्भाव्यता हेरीं उपयुक्त कृषि वन पद्दतिको अवलम्वन गर्ने क्षेत्र पहिचान गरी छनौट भएका क्षेत्रमा कृषि वनको विकासका लागि आवश्यक बोट विरुवाहरु उपभोक्ताहरुको माग वमोजिमको संख्यामा विभिन्न प्रजाति (घाँस, डालेघाँस, फलफूल तथा अन्य बहुउद्देशीय विरुवाहरु)का विरुवाहरु खरिद गरी निशुल्क उपलव्ध गराउने । यस कार्यकालागि आवश्यक ढुवानी तथा जनशक्ति व्यवस्थापन खर्च यसै कार्यक्रमबाट खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदनमा तपसिलका विषय समावेश गर्नु पर्ने ।

- माग र उपलव्ध गराइएका विरुवाहरूको प्रजातिगत विवरण ।
- रोपण गरिएका कृयाकलाप देखिने गरी खिचिएका फोटाहरु ।
- GPS Location सहितको नक्शा ।

### ९.४ जल तथा भूमीको एकिकृत व्यवस्थापन

यस अन्तर्गत दुई किसिमका कार्य गरिनेछ ।

क) पानी श्रोत व्यवस्थापन :

संरक्षण पोखरी, रन अफ हार्वेस्टिग डयाम तथा साना आकारका कुलो (कृषि वन वाली विकासका लागि आवश्यक भएमा)

ख) प्रकोप रोकथाम :

राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिको कार्य क्षेत्र अन्तर्गतका कृषि वन प्रणाली प्रवर्धन गरिने क्षेत्रहरुमा प्राकृतिक प्रकोपको संभावना रहेका स्थानहरू भए सो को रोकथामका लागि सडक पाखो संरक्षण, जैविक तटवन्ध र भौतिक पूर्वाधारहरु बनाउने ।

### ९.५ भू-उत्पादकत्व संरक्षण/खेत बारी संरक्षण

यस अन्तगत भिरालो अवस्थामा रहेका खेत बारी, नदी उकास जग्गाहरुको भू क्षय रोकथाम गरी भूमीको उत्पादकत्व वृद्दि गर्दै स्थानीय समुदायहरुको बहु उद्देश्यीय आवश्यकता पूर्ति गर्न टेवा पुर्याउनु मुख्य लक्ष्य रहनेछ । यस अन्तर्गत खेतबारी संरक्षणका लागि अन्तरवालीहरुको रुपमा घाँस खेती, डालेघाँस रोपण, फलफुल रोपण, कोसे वाली रोपण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ । नदी प्रणालीहरुको दाया वाया रहेका नदी उकास जग्गा व्यवस्थापनको लागि कृषि र वन प्रजातीका विरूवाहरुको जैविक तटवन्ध निर्माण गरी खेर गएको जमीनमा कृषि वन प्रणालीको विकास गर्दै खाद्य सुरक्षामा योगदान र जीवीकोपार्जनमा



सदस्य-सचिव

समेत टेवा पुर्याउन सकिने छ । यस अन्तर्गत निजी स्वामित्वमा रहेका वा सार्वजनिक जग्गा, गुठी जग्गा आदि समेत पर्नेछन् ।

## ९.६ प्रचार प्रसार

यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु गर्न सकिने छ ।

- वृत्त चित्र
- पोष्टर पम्प्लेट
- विभिन्न प्रकाशनहरु
- एफएम, टिभी, रेडीयो कार्यक्रम
- स्थानीय स्तरमा भएका प्रभावकारी कृषि वन पद्दतिको अध्ययन तथा अनुशरण

## ९.७ जनसहभागिता परिचालन तथा प्रवर्धन

कार्यक्रम संचालन गर्दा जनसहभागीता जुटाई निम्नानुसारका क्रियाकलापहरु गरिने छ ।

- उपभोक्ता समुह पहिचान, गठन र सशक्तिकरण
- मोडल कृषक समुह गठन र सशक्तिकरण
- कृषक समूहको विधान, कार्ययोजना तयारी
- समूह भेला, बैठक, सार्वजनिक लेखापरिक्षण, तालिम, भ्रमण
- कृषक समूह तथा समितिहरुको स्वमूल्याङ्कन

## ९.८ कृषि वन विकास स्थलगत प्राविधिक सहयोग

कृषि वन विकासका लागि कार्यक्रमहरु संचालन गर्ने क्रममा स्थानिय उपभोक्ताहरुबाट माग भई आएमा प्राविधिक सहयोग उपलब्ध गराउन डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवाला निकायहरुको सहयोग लिई आवश्यक सहयोग गर्नु पर्नेछ ।

विरुवा रोपणका लागि तयार पारिएका खाल्डाहरु, तयार पारिएका मल तथा अन्य मिश्रण आदिको गुणस्तर जाँच गर्ने र आवश्यक पृष्ठपोषण तथा प्राविधिक सहयोगहरु दिनु पर्नेछ । स्थलगत सहयोग पश्चात के कस्ता कृयाकलापहरु संचालन गरीयो ? सो को विवरण सहितको प्रतिवेदन कार्यालयमा बुझाउनु पर्ने छ ।

## ९.९ नर्सरी स्थापना/विरुवा खरिद

कृषि वन प्रणालीको विकासको दीर्घकालिन धारणामा आधारित रही कृषि, वन, फलफुल, घाँस प्रजातिका विरुवाहरुको उत्पादन गर्न उच्च प्रविध्रियुक्त वा सामान्य स्तरका नर्सरी निर्माण/स्थापना गर्न सकिन्छ । यस प्रयोजनको लागि कार्यस्थल र नर्सरीको दूरी सकेसम्म मिलाउनु पर्नेछ । विरुवा उत्पादन गर्न कठिनाई भएको अवस्थामा बजारबाट आर्थिक ऐन नियमको परिधि भित्र रही खरिद समेत गर्न सकिनेछ । विरुवा उत्पादन/खरिद उद्देश्यमूलक हुनुपर्नेछ ।

## ९.१० संरक्षण कार्यको व्यवस्थापन र रेखदेख

यस अन्तर्गत निम्नानुसारको व्यवस्था मिलाउन सकिनेछ ।

- चरिचरण नियन्त्रण
- छेकवार
- सहजकर्ता र हेरालु





सदस्य-सचिव

९.११ क्रियाकलाप अनुगमन तथा मुल्यांकन

कार्यान्वयन गरिएका कार्यक्रमहरुको प्रगति र गुणस्तर हेरी आवश्यक पृष्ठपोषण दिनको लागि समय समयमा कार्यक्रम क्षेत्रमा गई अनुगमन गर्ने र कामको मुल्यांकन गरी आवश्यक सुझावहरु दिने कार्य कार्यक्रम कार्यान्वयन इकाइ तथा समितिले गर्नु पर्ने छ ।

९.१२ प्रतिवेदन र अभिलेखीकरण

- पार्श्वचित्र प्रकाशन (Activity Profile)
- सफल कार्यक्रमहरुको लेख रचना प्रकाशन
- अध्ययन अनुसन्धानमूलक प्रकाशन ।

सदस्य-सचिव